तीनपाटन गाउँपालिकाको नियमित गाउँसभाको १४औं अधिवेशनको पहिलो बैठक प्रारम्भ भएको घोषणा गर्दछु।

गाउँसभाका उपाध्यक्षज्यू,
उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरू,
सभाका सचिवज्यू,
उपस्थित कर्मचारीज्यूहरू।

संविधानसभाबाट नेपालको वर्तमान संविधान जारी भएपश्चात तीन तहको सरकारको अवधारणा स्वरुप स्थानीय सरकार मार्फत संविधानमा नै व्यवस्था भएबमोजिम प्रत्येक वर्षको असार १० गतेभित्र नीति तथा कार्यक्रम र बजेट गाउँसभामा प्रस्तुत गरिने व्यवस्था अनुसार आज हामी यो सभामा आगामी आ.व. को नीति तथा कार्यक्रम र बजेट पेस गर्न लागेका छौं।मिति २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट तीनपाटन गाउँपालिका, सिन्धुलीको दोस्रो कार्यकालको जनप्रतिनिधिको रुपमा चुनिएर आएको अवधि पनि २ बर्ष व्यतीत भई सकेको छ। हामी, यस सभामा उपस्थित सबै सदस्यलाई विश्वास गरेर जनप्रतिनिधिको रुपमा चुनेर पठाउनु हुने आम तीनपाटनबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा पुनः हार्दिक धन्यवाद दिन चाहन्छु।
निर्वाचन मार्फत् चुनिएर आउने जनप्रतिनिधिले आम नागरिकका इच्छा र सपनालाई पूरा गर्ने दायित्व हुन्छ। **कसैलाई काखा, कसैलाई पाखा** नभनी विधि र पद्धतिले हामीले सेवा प्रदान गर्नुपर्ने हुन्छ। विधि र पद्वति निर्धारण गर्ने दायित्व समेत यस गरिमामय सभाको नै हो। समतामूलक समाज निर्माणका लागि हामीसँग भएका स्रोत/साधनको अधिकतम उपयोग र तिनको सदुपयोग गर्ने दायित्व हाम्रै हो। हामीले गर्ने निर्णय आम तीनपाटनबासी नागरिकका लागि लक्षित हुनुपर्छ र हुन्छ नै।यसमा दुई मत छैन। शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, कृषि, रोजगारी सिर्जना र स्थानीय पूर्वाधारको विकासमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ। यी र यस्ता विषयको क्रमशः सम्बोधन गर्न उपलब्ध स्रोतसाधन समेतलाई तादाम्यता कायम गर्दै तीनपाटन गाउँपालिकाको गाउँ कार्यपालिकाले यस गरिमामय सभा समक्ष नीति तथा कार्यक्रम पेस गरेको छ।यो नीति तथा कार्यक्रमले दिशा निर्देश गरे बमोजिम हामीले यहाँका नागरिकहरुलाई सेवा प्रवाह गर्नुपर्छ। त्यसका लागि आवश्यकता अनुसार कानून समेत बनाउनु पर्ने हुन्छ।कानून बनाउने अविभारा समेत यस सभाकै हो।आर्थिक तथा सामाजिक रुपले पछाडी परेका वर्ग र समुदायको सर्वोपरी हितका लागि हाम्रा अभियानहरु केन्द्रीत हुनुपर्छ। हाम्रा अभियानहरुको कार्यान्वयनमा इमानदारिताको आवश्यकता पर्छ। तपाईं हाम्रो इमानदारितामा नै सामाजिक न्याय कस्तो हुने भन्ने कुरा निर्भर हुन्छ। यसका लागि अब यो सभाको कार्यकाल करिब ३ वर्ष मात्र बाँकी छ। बाँकी ३ वर्षभित्रमा देखिने गरी काम गर्नुपर्ने जिम्मा हामीसँग रहेको छ। तर, राष्ट्रियस्तरमा आएको आर्थिक मन्दीका कारण अपेक्षित राजस्व संकलन हुन नसकेको विषय सर्वविदितै छ। नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानका रकमहरु आगामी आर्थिक वर्षका

लागि घटेर आएका छन् भने चालु आर्थिक वर्ष २०८०।०८१ का लागि गत आर्थिक वर्षमै उपलब्ध गराइएका समानीकरण अनुदानको सीमामा समेत भारी गिरावट आएको छ। जसका कारण चालु आर्थिक वर्षमा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी समेत आगामी आर्थिक वर्षमा भुक्तानी गर्ने गरी जिम्मेवारी सार्नुपर्ने देखिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट उपलब्ध गराइएको आय अनुमानको सिलिङमा र हाम्रो गाउँपालिकाको कमजोर आन्तरिक आम्दानीका कारण पनि यो अवस्था सिर्जना भएको तथ्यलाई हामी सबैले स्वीकार गर्नैपर्ने हुन्छ। नागरिकका असीमित आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोतसाधनले भ्याएसम्म क्रमशः सम्बोधन गर्नु पनि हाम्रै दायित्त्व हो। यी र यस्ता विषयलाई समेत समावेश गरेर हामीले आउँदो वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरेका छौं।नीति तथा कार्यक्रम र बजेट सर्वसम्मत रुपमा पारित गरेर जानुपर्छ भन्दै आजको बैठकको काम कारवाही अघि बढाउँछु।

अब म सर्वप्रथम हाम्रो गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

## नीति तथा कार्यक्रम २०८१

### आर्थिक विकास क्षेत्रः

### कृषि विकास

१. परम्परागत र निर्वाहमुखी कृषि पेसामा आवद्व गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यावसायिक र उद्यमशील कृषि प्रणालीतर्फ उत्प्रेरित गराउन **"तीनपाटनको सान, कृषि उद्यममा किसान"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यस कार्यक्रम मार्फत् देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछः

(क) स्थानीय भूगोल सुहाउँदो व्यावसायिक कृषि पेसामा आवद्ध हुन चाहने कृषकहरुको खेतबारीमै कृषि प्राविधिकहरुको सहज पहुँच उपलब्ध हुने गरी ल्याब व्यवस्थापन सहित **निःशुल्क माटो परीक्षण** गर्ने व्यवस्था मिलाइनेछ।

(ख) गाउँपालिका क्षेत्रभित्रका कृषकको मागमा आधारित बिउ/बिजन र कृषि औजार/उपकरण साझेदारी कार्यक्रम मार्फत् वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइ अनुगमनको कार्यलाई प्रभावकारी बनाइनेछ।

(ग) विभिन्न प्रजातिका बालीनालीको उन्नत बिउ उत्पादन गर्ने कृषकको उत्पादनलाई गाउँपालिकाले साझेदारीका आधारमा **खरिद गर्ने व्यवस्था** मिलाइनेछ।

(घ) बाह्रैमास खेतीयोग्य जमिनमा सिँचाईको उपलब्धता सुनिश्चित गर्न सिँचाई पाइप खरिद तथा जडान गर्न कृषकहरुलाई साझेदारीका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ।

(ङ) बढ्दो रासायनिक मलको प्रयोगलाई क्रमशः निरुत्साहित गर्न गाउँपालिका क्षेत्रभित्र नै **प्राङ्गारिक मल उत्पादन गर्ने** कृषक तथा कृषक समूह एवम् कृषक फर्म तथा सहकारीलाई

अनुदान दिने व्यवस्था मिलाइनेछ। त्यसैगरी सामुदायिक विद्यालयको स्वामित्वमा रहेको खाली जमिनमा फलफूल तथा जडिबुटीजन्य विरुवा रोप्ने कार्य अघि बढाइनेछ।

(च) परम्परागत र निर्वाहमुखी कृषि पेसामा आश्रित गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यावसायिक कृषि उद्यममा आकर्षित गर्न **टोलटोलमा कृषि सेवा** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। कृषि विज्ञहरुलाई टोल/टोलमा गई कृषकमैत्री तालिम कार्यक्रम सञ्चालनमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

(छ) गाउँपालिका क्षेत्रभित्रका कृषकहरुले उत्पादन गर्ने कृषि उपजहरुलाई स्टोरेज गर्दै बेमौसममा समेत विक्री/वितरण गरी कृषकहरुलाई बढीभन्दा बढी अर्थोपार्जनको व्यवस्था मिलाउन साना साना स्केलका शीत भण्डार निर्माणका लागि आवश्यक प्रक्राय अघि बढाइनेछ। यसका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकाय एवम् अन्य स्थानीय तहसँग त्यस्ता **शीत भण्डार निर्माणमा गाउँपालिकाबाट साझेदारी गर्ने** व्यवस्था मिलाइनेछ।

(ज) **मासिक पशु हाट बजार**को व्यवस्था गाउँपालिका क्षेत्रभित्रै गर्नका लागि उपयुक्त स्थानको पहिचान गरी प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ भने **अन्य स/साना हाटबजार**लाई व्यवस्थित गरिनेछ।

(झ) गाउँपालिका क्षेत्रभित्रका सबै वडामा व्यावसायिक कृषि उद्यम मार्फत् स्थापित कृषकहरुलाई प्रोत्साहन गर्न कृषि मेला प्रदर्शनी कार्यक्रम सञ्चालन गरी नगद रकम र प्रशंसापत्र सहित **कृषक सम्मान** गर्ने व्यवस्थाको थालनी गरिनेछ।

२. गाउँपालिका क्षेत्रभित्रको सामुदायिक वनभित्र हुने सिस्नो, निगुरो र तामा तथा रैथाने बाली कोदो फापर र अन्य तेलहन, दलहन लगायतका परम्परागत, अर्गानिक र रैथाने साग/सब्जीको उत्पादन एवम् संरक्षणमा विपन्न नागरिकहरुलाई आवद्ध गरिनेछ।

३. गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य जमिनमा सिँचाई गर्नका लागि विगतदेखिनै सञ्चालनमा रहेका कुलो/पैनीको सामयिक मर्मतसम्भार गरी सिँचाईको क्षमता अभिवृद्धि गर्न आवश्यक रकम विनियोजन गरिनेछ। ठूलो लागत र स्तरीय प्रविधि मार्फत् सिँचाइ हुने क्षेत्रको पहिचान गर्दै त्यस्ता आयोजना पहिचान गरी नेपाल सरकार तथा प्रदेश सरकारसँग सिँचाइ सम्बन्धी आयोजना माग गरी कार्यान्वयनमा ल्याइनेछ।

४. कृषक लक्षित आयोजना तथा कार्यक्रममा वास्तविक कृषकहरुको पहुँच सुनिश्चित गर्न एवम् अनुदान वितरण प्रकृयामा निष्पक्षता र पारदर्शिता ल्याउन मापदण्ड तय गर्दै कृषि उत्पादन प्रणाली स्थापना र विकास गर्न किसान सूचीकरणको कार्यलाई निरन्तरता दिइनेछ।

५. गाउँपालिका क्षेत्रभित्रका इच्छुक आम कृषकहरुलाई व्यावसायिक माहुरी पालनमा आवद्ध गरी माहुरीको महमा गाउँपालिकाको पहिचान अभिवृद्धि गर्न **"हरेक घरमा चार घार, गाउँपालिकाको एक हजार"** नामक कार्यक्रम यसै वर्षदेखि सञ्चालनमा ल्याइनेछ। यो कार्यक्रमको दिगोपनाका लागि स्थानीय स्तरमै घार उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन अनुदान समेत दिने व्यवस्था मिलाइनेछ।

## पशुपन्छी विकास

६. नेपाल सरकारले पशुपन्छीको बीमा कार्यक्रममा दिँदैं आएको अनुदानका विषयमा आम कृषकहरुमा अनभिज्ञता रहेको अवस्थालाई मध्यनजर गर्दै उल्लिखित बीमा अनुदानका विषयमा गाउँपालिका क्षेत्रभित्रका पशुपन्छी पालन गर्ने कृषकहरुलाई सुसूचित गरी बीमा कार्यक्रममा बढीभन्दा बढी कृषकहरुलाई आवद्ध समेत गर्ने उद्देश्यले बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. पशु विमा कार्यक्रममा बढीभन्दा बढी कृषकहरुलाई सहभागिता गराउन बीमा गरिएका पशुहरुमा जुका, नाम्ले जस्ता अन्य भाइरस/ब्याक्टेरियाका कारणले रोग लागेमा त्यस्ता पशुको ल्याब परीक्षण र उपचारमा प्रयोग हुने औषधि वितरणमा किसानलाई समेत अपनत्व हुनेगरी सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

८. कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिई दूध उत्पादनमा कृषकहरुलाई थप आकर्षित गर्न पाँचभन्दा बढी माउ गाई/भैंसी पाल्ने कृषकहरुसँगको साझेदारीमा गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. गाउँपालिका क्षेत्रभित्रका सबै वडाका उत्कृष्ट पशुपन्छी पालन गर्ने कृषकलाई **नगद रकम र प्रशंसा-पत्र**ले सम्मान गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

१०. सार्वजनिक विदा र कार्यालय समय बाहेकको समयमा समेत पशुपन्छी पालन गर्ने कृषकहरुलाई प्राविधिक सेवा उपलब्ध गराउने सोचका साथ **"टोल/टोलमै पशुपन्छी सेवा"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि पशुपन्छी शाखामा कार्यरत प्राविधिक जनशक्तिलाई त्यस्तो सेवा उपलब्ध गराए वापत् थप प्रोत्साहन दिने व्यवस्था मिलाइनेछ।

११. गाउँपालिका क्षेत्रभित्रका कृषकहरुको कृषि र पशुपन्छी विकास सम्बन्धी कार्यमा सहजीकरण गरी कृषि पेसालाई अझ मर्यादित बनाई व्यावसायिक समेत बनाउन भविष्यमा **कृषि एम्बुलेन्स सेवा** सञ्चालनमा ल्याउन अनुसन्धानको कार्य अघि बढाइनेछ।

१२. भविष्यमा गाउँपालिका क्षेत्रभित्रबाटै दक्ष कृषि प्राविधिक जनशक्ति उत्पादन गर्न नेपाल सरकार तथा प्रदेश सरकारका निकायमा **कृषि क्याम्पस** स्थापनाका लागि साझेदारी गर्न आवश्यक पहल गरिनेछ।

## सहकारी र आन्तरिक आय

१३. गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थालाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन अभिप्रेरित गरिनेछ। कृषि क्षेत्रमा लगानी बढाई स्थानीयबासीको आय आर्जन अभिवृद्धि हुने किसिमका कार्यक्रम सञ्चालन गर्न चाहने गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुबाट प्रस्ताव लिई सबैभन्दा उत्कृष्ट प्रस्ताव पेस गर्ने सहकारी संस्थाको छनोट गरी त्यस्तो संस्थासँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न अनुदान वितरण गर्ने व्यवस्था मिलाइनेछ।

१४. गाउँपालिका क्षेत्रभित्रका सहकारी संघ/संस्था, उद्योग/बाणिज्य संघ लगायतका निकायमा कार्यरत पदाधिकारीहरुलाई व्यावसायिक आचरणसँग सम्बन्धित विषय र विद्यमान पद्धतिप्रति

अभ्यस्त गराउन सचेतनामूलक तालिम कार्यक्रमको आयोजना गरिनेछ। **"मैले तिर्ने कर, मेरै लागि हो"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियानप्रति आम गाउँबासी करदाता र उद्योगी/व्यवसायीलाई समाहित गर्न गाउँपालिकाले निर्धारण गर्ने करको क्षेत्र, दर, दायरा लगायतका अधिकांश विषयवस्तुलाई समावेश गरी करदातामैत्री शिक्षा प्रवर्द्धनका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

**१५.** गाउँपालिकाभित्रमा सबैभन्दा बढी कर तिर्ने संस्थागत, व्यक्तिगत लगायत विभिन्न विधामा करदाताहरुको पहिचान गरी त्यस्ता करदाताहरुको सम्मानका लागि वडा एवम् गाउँ कार्यपालिकाको कार्यालयको राजस्व संकलन गर्ने काउण्टरमा नै सबैभन्दा बढी कर तिर्ने करदाता भनी **फोटो टाँस समेत गरी सम्मान गर्ने** व्यवस्थालाई संस्थागत गरिनेछ।

## उद्यम, सीप र रोजगार

**१६.** **"उद्यम मार्फत् रोजगार, गर्वको आधार"** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियानलाई व्यवहारमा क्रमशः कार्यान्वयनमा लैजान गाउँपालिका क्षेत्रभित्रका प्रत्येक वडाबाट वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुले पठाउने विप्रेषण रकमको अधिकांश हिस्सा व्यावसायिक उद्यममा खर्चिनका लागि प्रोत्साहन गरिनेछ। यसका साथै गाउँपालिका क्षेत्रभित्रका वेरोजगार युवाहरुलाई स्वरोजगारमा आवद्ध गर्न विभिन्न दातृ निकायहरुसँगको साझेदारीमा सीपमूलक कार्यक्रमहरु क्रमशः सञ्चालनमा ल्याइनेछ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

**१७.** सामुदायिक विद्यालयको गुणस्तरप्रति आम समुदायको खस्कदों धारणामा क्रमशः सकारात्मक परिवर्तन ल्याउन चालु आ.व बाट कार्यान्वयनमा ल्याइएको **"प्राविधिक विधामा रोजगारी, तीनपाटनका छोराछोरी"** नामक कार्यक्रमलाई आगामी आ.व मा समेत निरन्तरता दिइनेछ। गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयबाट एस.इ.इ. परीक्षा उत्तीर्ण गरी गाउँपालिकाले तोकेको शिक्षण संस्थाबाट लिइने प्रवेश परीक्षामा उच्चतम स्कोर प्राप्त गर्ने वडाभित्रका एक/एकजना विद्यार्थीलाई प्राविधिक विधामा ३ वर्षे अध्ययन छात्रवृत्ति उपलब्ध गराई अध्ययन सम्पन्न भए पश्चात् कम्तीमा एक वर्ष सम्बन्धित वडामै रही कार्य गर्ने व्यवस्थालाई संस्थागत गरी निरन्तरता दिइनेछ।

**१८.** यस गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि न्यून सिकाइ उपलब्धि भएका विषयहरुमा अतिरिक्त कक्षाको व्यवस्था गरिनेछ।

**१९.** गाउँपालिका क्षेत्रभित्रका दलित समुदायभित्रका छोरी तथा बुहारीहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न **"परिवारको इच्छा, छोरी, बुहारीलाई शिक्षा"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यस कार्यक्रमबाट गाउँपालिका क्षेत्रभित्रका क्याम्पसमा स्नातक वा सोभन्दा माथि

उच्च शिक्षाका लागि भर्ना हुने दलित समुदायका छोरी बुहारीहरुको भर्ना शुल्क र मासिक शुल्क गाउँपालिकाबाटै व्यहोरिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२०. शिक्षक र विद्यार्थी संख्याको अनुपातलाई प्रचलित कानूनी व्यवस्था बमोजिम अनुकूलन गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न **"एक वडा, एक आवासीय मा.वि."** को अवधारणाका लागि अध्ययन अनुसन्धान कार्य अघि बढाइनेछ। यसका लागि विद्यार्थी संख्या कम भएका विद्यालयहरु एकापसमा मर्ज गर्ने प्रक्रियाअघि बढाइनेछ।

२१. बालमैत्री वडा घोषणा भएको वडाभित्रको कुनै एक सामुदायिक विद्यालयमा बालमैत्री शिक्षण सामग्रीको व्यवस्था गरी **मन्टेश्वरी विधि मार्फत्** पठनपाठन प्रकृयालाई पाइलट प्रोजेक्टको रुपमा आरम्भ गरिनेछ।

२२. यस गाउँपालिका भित्र सञ्चालनमा रही स्रोत अभावका कारण सञ्चालन तथा व्यवस्थापनमा समस्या झेलेका आधारभूत तहका सामुदायिक विद्यालयलाई मर्मत सम्भार तथा फर्निचर सहयोग उपलब्ध गराइनेछ।

२३. प्रत्येक वर्षको एस.इ.इ परीक्षामा गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा ८ देखि नै अध्ययन गरी सर्वोत्कृष्ट नतिजा ल्याउने एक/एक जना छात्र र छात्रालाई एक/एक थान ल्यापटप एवम् कक्षा ८ को आधारभूत तहको परीक्षामा समेत गाउँपालिका क्षेत्रभित्रबाट सर्वोत्कृष्ट नतिजा ल्याउने एक/एक जना छात्र र छात्रालाई नगद पुरस्कारले सम्मान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२४. नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको संगठनात्मक व्यवस्था, काम, कर्तव्य, अधिकार, भूमिका र जिम्मेवारीका विषयमा विद्यालय तहबाटै आम विद्यार्थीहरुलाई अभ्यस्त गराउँदैं संघीयतालाई थप संस्थागत गर्ने आधार तय गर्न अन्तर-विद्यालय स्तरीय **अतिरिक्त क्रियाकलाप** सञ्चालन गरिनेछ।

२५. गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीमा वर्तमान व्यवस्थाले गरेको सार्वजनिक खरिद र जिन्सी व्यवस्थापनका सम्बन्धमा पर्याप्त मात्रामा तालिम तथा प्रशिक्षण नभएका कारण प्रत्येक आर्थिक वर्ष बेरुजुको मात्रा वृद्धि भइरहेकोमा त्यस्तो अवस्थाको न्यूनीकरणका लागि जनप्रतिनिधि, शिक्षक तथा कर्मचारी लक्षित **सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन सम्बन्धी तालिम** कार्यक्रमको आयोजना गर्ने व्यवस्था मिलाइनेछ।

२६. नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भनी नेपालको संविधानमा व्यवस्था भएकोमा गाउँपालिका क्षेत्रभित्रका आदिबासी/जनजाति समुदायको लिपि संरक्षण गर्न अध्ययन अनुसन्धानको कार्य अघि बढाइनेछ।

२७. गाउँपालिका क्षेत्रभित्रका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी एवम् शिक्षकका सन्ततीहरुलाई सामुदायिक विद्यालयमा नै अध्ययन गराउने व्यवस्थाका लागि प्रोत्साहित गरिनेछ।

२८. शिक्षा समिति, सामुदायिक विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लगायतका सरोकारवाला व्यक्तिहरुको क्षमता अभिवृद्धि हुने किसिमका क्षमतामूलक तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२९. गाउँपालिका क्षेत्रभित्रको स्थानीयतासँग सम्बन्धित यावत् विषयवस्तुहरुलाई विद्यालयस्तरको पाठ्यक्रममै समावेश गरी विद्यार्थीहरुलाई निरन्तर अध्ययनको वातावरण मिलाउन निर्मित **स्थानीय** पाठ्यक्रमलाई समसामयिक परिमार्जन गर्दै तीनपाटनको सेरोफेरो नामक स्थानीय स्रोत पुस्तक निर्माण गरी सम्बन्धित सबै विद्यार्थीलाई वितरणको व्यवस्था मिलाइनेछ।

३०. सामुदायिक विद्यालयबाट समेत क्रमशः पोषणमैत्री एवम् बालमैत्री गाउँपालिका स्थापना गर्न चालु आ.व बाट सञ्चालनमा ल्याइएको **"विद्यालयमा आमा"** नामक कार्यक्रमलाई आगामी आ.व मा थप एक विद्यालयमा विस्तार गरिनेछ।

## स्वास्थ्य

३१. महिनावारीको समयमा प्रयोगमा आउने परम्परागत प्याडका कारण अधिकांश महिलाहरुको पाठेघरमा संक्रमणको समस्या देखा पर्न थालेको अवस्थालाई मध्यनजर गर्दै स्थानीय स्रोत/सामाग्रीको प्रयोग गरी स्थानीयस्तरमै घरेलु सेनिटरी प्याड उत्पादन गरी गाउँपालिका क्षेत्रभित्रका विपन्न परिवारका महिलाहरुलाई महिला स्वास्थ्य स्वयंसेविका मार्फत् नै निःशुल्क वितरण गर्ने व्यवस्था मिलाउन चालु आ.व बाट सञ्चालनमा ल्याइएको **"उद्यमसँगै जनजीविका, प्याड उत्पादनमा स्वयंसेविका"** नामक कार्यक्रमलाई आगामी आ.व मा समेत निरन्तरता दिइनेछ। यसका लागि गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सेनिटरी प्याड उत्पादनका लागि समूहमा आवद्ध गरिने र सोही समूह मार्फत् उत्पादित सेनिटरी प्याड गाउँपालिकाले खरिद गरी स्वयंसेविका मार्फत् **निःशुल्क वितरण** गर्नेसम्मको व्यवस्थालाई निरन्तरता दिइनेछ।

३२. क्यान्सर लागेका, मुटुको शल्यक्रिया गर्नुपर्ने, मृगौलाको शल्यक्रिया वा डायलाइसिसका विरामी, प्यारालाइसिस जस्ता कडा रोग लागि उपचार गराउन आर्थिक अभाव भएका स्थानीयवासीको स्वास्थ्योपचारमा केही रकम सहयोग गर्दै स्वास्थ्य सम्बन्धी प्रवर्द्वनात्मक, उपचारात्मक र निरोधात्मक गतिविधि समेत सञ्चालन गर्ने उद्देश्यले **"नागरिक उपचार सहायता कोष"** को स्थापना गरिनेछ। मापदण्ड बमोजिम उक्त कोषको सञ्चालन गरी कोषको परिचालनमा निष्पक्षता र पारदर्शिता ल्याउन एवम् छिटो/छरितो ढंगले गाउँबासीको उपचारमा सहयोग पुऱ्याइने व्यवस्थालाई संस्थागत समेत गर्न स्थानीय कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३३. गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थामा प्रसुती हुन नसकी अन्यत्र अस्पतालमा रेफर गरिने गर्भवती महिला, बाढी/पहिरो, चट्याङ, सडक दुर्घटना जस्ता प्राकृतिक/गैर प्राकृतिक प्रकोपबाट घाइते भई अन्यत्र रेफर गरिने स्थानीयबासी, ६८ वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्ति, र सहिद तथा वेपत्ता पारिएका व्यक्तिको एकासगोलका परिवारलाई **एम्बुलेन्स सेवा निःशुल्क** गरिनेछ।

३४. **"स्वस्थ आमा, स्वस्थ बच्चा"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियान कार्यान्वयन गर्न गर्भवती भएको १३ हप्तादेखी सुत्केरी भएको ६ हप्तासम्मका सम्पूर्ण गर्भवती एवम् सुत्केरी महिलाहरुलाई सम्बन्धित स्वास्थ्य संस्था मार्फतनै **निःशुल्क क्याल्सियम चक्की वितरण**को व्यवस्था मिलाइनेछ। त्यसैगरी विवाह दर्ता गर्न आउने नव विवाहित दम्पत्तिबाट स्वस्थ्य बच्चा जन्माउने उद्देश्यका त्यस्ता दम्पत्तिको इच्छा अनुसार सम्बन्धित वडा कार्यालयबाट समेत फोलिक एसिड वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

३५. सामुदायिक स्वास्थ्य बीमा कार्यक्रममा आम गाउँबासी विपन्न नागरिकहरुलाई आवद्ध गर्न त्यस्ता नागरिकहरुलाई बीमा शुल्कको पचास प्रतिशत रकम अनुदानस्वरुप उपलब्ध गराउने निरन्तरता दिइनेछ।

३६. **"निरोगी तीनपाटन, हाम्रो अभियान"** सञ्चालनमा ल्याइनेछ। यसका लागि क्यान्सर, मृगौलाको डायलासिस, मुटु रोगी, प्यारालाइसिस जस्ता गम्भीर प्रकृतिका रोग लागि घरमै बसी औषधि सेवन गरिरहेका विरामी नागरिक लगायतका सम्पूर्ण नागरिकहरूलाई प्रत्येक महिना टोलमै गई अनिवार्य स्वास्थ्य परीक्षण गरी आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न **"टोल टोलमा स्वास्थ्यकर्मी निरोगी तीनपाटनबासी"** कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

३७. गाउँपालिका भित्र रहेका दुइवटै प्राथमिक स्वास्थ्य केन्द्रमा गाउँपालिकाको आफ्नै व्यवस्थापनबाट सुपथ मूल्यको फार्मेसी सेवा सञ्चालन तथा निरन्तरता दिइनेछ।

## समावेशिता प्रवर्द्धन र सामाजिक सुरक्षा

३८. महिला, दलित, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, आदिबासी/जनजाति, मधेसी, लगायत समावेशी समुहमा पर्ने विभिन्न वर्ग तथा समुदायलाई लक्षित गरी सचेतनामूलक तालिमका साथसाथै विभिन्न विधाका सीपमूलक कार्यक्रमहरु क्रमशः सञ्चालनमा ल्याइनेछ। गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न जातजातिको रहनसहन, भेषभूषा, प्रथा/परम्परालाई जीवन्त राख्न **जातीय संग्रहालय** स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

३९. **"वर्तमानका बालक, भविष्यका पालक"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियानलाई व्यवहारमा कार्यान्वयनमा लैजान गाउँपालिका क्षेत्रभित्रका बालबालिकाहरुलाई समग्र शासकीय प्रणालीमा क्रमशः अभ्यस्त गराउँदैं विभिन्न विधामा अन्तरनिहित प्रतिभाको उजागर समेत गर्न सबै वडाका बाल क्लबको क्षमता अभिवृद्धि गरिनेछ।

४०. गाउँपालिका क्षेत्रभित्रका युवा लगायत सरोकारवालाहरुलाई लक्षित गरी लागू औषध दुव्यर्सन, मानव वेचविखन विरुद्धका सचेतनामूलक कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ।

## खानेपानी र सरसफाई

४१. पानी नै जीवन हो।यो साश्वत् तथ्यलाई हृदयङ्गम गर्दै गाउँपालिका क्षेत्रभित्रका पानीका मुहानहरुको संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी त्यस्ता स्थानमा डोजर प्रयोगमा

पूर्णरुपमा बन्देज लगाउँदैं वृक्षारोपण अभियान सञ्चालनमा ल्याई डढेलो नियन्त्रणलाई स्थानीय ऐन बनाई कार्यान्वयन गरिनेछ।

४२. छिमेकी स्थानीय तहहरुसँग समेतको साझेदारीमा गाउँपालिका क्षेत्रभित्रबाट उत्पत्ति हुने नकुहिने फोहोरको प्रशोधन गरी त्यसको यथोचित व्यवस्थापन गर्न **डम्पिङ साइट** स्थापना गर्ने प्रक्रिया अघि बढाइनेछ।

४३. अत्यधिक आवागमन हुने सार्वजनिक स्थलहरुको पहिचान गर्दै त्यस्ता स्थानहरुमा प्रत्येक आर्थिक वर्ष कम्तीमा एउटा सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण गर्दै जाने व्यवस्था मिलाइनेछ।

## <u>खेलकूद</u>

४४. **स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद** भन्ने नाराका साथ गाउँपालिका क्षेत्रभित्र खेलिने भलिबल, फुटबल जस्ता विभिन्न विधाका खेलकुदलाई क्रमशः सम्बोधन गर्दै जाने ध्येयका साथ **तीनपाटन गाउँपालिका कप तथा वडा कप** खेल प्रतियोगिताहरु आयोजना गर्दै लगिनेछ। विभिन्न विधाका खेलकूदमा गाउँपालिकाको प्रतिनिधित्व गर्दै अन्यत्र स्थानमा प्रतिनिधित्व गर्ने खेलाडीहरुलाई खेलकुद कार्यमा भाग लिन आवश्यक सहजीकरण गरिनेछ।

४५. प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलकूदका माध्यमबाट पहिचान स्थापित गरेका गाउँपालिका क्षेत्रभित्रका विभिन्न विधाका खेलाडीहरुलाई **सम्मान** गरिनेछ।

४६. गाउँपालिका स्तरीय खेल मैदान स्थापनाका लागि आवश्यक प्रक्रियाअघि बढाइनेछ।

## <u>पूर्वाधार विकास क्षेत्र</u>

४७. गाउँपालिकाको आफ्नै स्रोत एवम् नेपाल सरकार तथा प्रदेश सरकारको विभिन्न अनुदान एवम् कार्यक्रम मार्फत् गाउँपालिका क्षेत्रभित्र गत/विगत आर्थिक वर्षदेखि क्रमागत निर्माण ठेक्का बन्दोबस्त भएका एवम् आर्थिक वर्ष २०८०।०८१ मा सम्पन्न भई भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमहरुको फरफारकका लागि आवश्यक रकम विनियोजन गरिनेछ।

४८. सुविधा सम्पन्न भवन नभएका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको भवन निर्माण सम्पन्न गरिनेछ।ती संस्थाका भवनहरू अपाङ्गमैत्री तथा बालमैत्री बनाइनेछ।

४९. गाउँपालिका क्षेत्रभित्रका सडक, पुल/पुलेसा, सार्वजनिक मठ/मन्दिर/चर्च/गुम्बा लगायतका अन्य सार्वजनिक एवम् सरकारी संरचनाहरुको आवश्यकता अनुसार मर्मतसम्भार गर्न **मर्मतसम्भार कोष** मा आवश्यक रकम विनियोजन गरिनेछ। सो कोषको निष्पक्ष र पारदर्शी परिचालनका लागि उपयुक्त पद्धति समेत निर्धारण गरिनेछ।

५०. नेपाल सरकार/प्रदेश सरकार/अन्य स्थानीय तह एवम् दातृ निकायसँगको साझेदारीमा सञ्चालन हुने पूर्वाधारजन्य आयोजना एवम् कार्यक्रममा गाउँपालिकाको तर्फबाट आवश्यक साझेदारी र सहकार्य गर्न समपूरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ। आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाको स्थानीय सञ्चित कोषमा अनुमान गरे भन्दा बढी रकम मौज्दात रहन आउने भएमा उक्त रकम सोही कोषमा स्वतः समायोजन हुने व्यवस्था मिलाइनेछ। गाउँपालिकाको विनियोजन ऐनमा समावेश कुनै आयोजना/कार्यक्रम सञ्चालनमा

रकम नपूग हुन आउने देखिएमा उक्त कोषबाट समेत आवश्यकता अनुसारको रकम साझेदारी गर्न सकिनेछ।

**५१.** स्थानीय सरकार सञ्चालन ऐन आए पश्चात् प्रत्येक स्थानीय तहभित्र निर्माण हुने भवनको अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्था लागू भएको छ। उक्त ऐन लागू हुनुभन्दा अघि पनि गाउँपालिका क्षेत्रभित्र पक्की संरचनाका भवनहरु निर्माण सम्पन्न भइसकेका छन्। भवनको नक्सा पास गर्ने व्यवस्था विगतका दिनमा बाध्यकारी नभएको र त्यस अवस्थामा भवन निर्माण गर्ने स्थानीयबासीहरुले हालका दिनमा बैंकिङ एवम् अन्य प्रयोजनका कारोबार गर्दा गाउँपालिकाबाट भवनको नक्सा पासको प्रमाणपत्र पेश गर्नुपर्ने बाध्यता रहेको भनी व्यापक जनगुनासो आएको हुँदा राष्ट्रिय/प्रादेशिक एवम् स्थानीय सडक सम्बन्धी मापदण्डमा प्रतिकूल असर नपर्ने गरी विगतका दिनमा त्यसरी निर्माण सम्पन्न भएका भवनहरुको **अभिलेख प्रयोजनका लागि नक्सा पास नियमित गर्ने** व्यवस्था मिलाइनेछ। यसका लागि त्यस्ता भवन धनीहरुले ऐन लागू हुनुभन्दा अघि निर्माण गरेका विद्यमान भवनको नक्सा सूचीकृत कन्सल्टेन्सीबाट नभई गाउँपालिकाको घर/नक्सा पास शाखाबाटै बनाउन चाहेमा तीनपाटन गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरेको राजस्व दस्तुर लिइने र उक्त दस्तुरको पचास प्रतिशत रकम अभिलेख प्रयोजनका लागि नक्सा पास नियमित गर्ने कार्यमा खटिने प्राविधिक जनशक्तिलाई प्रोत्साहनस्वरुप उपलब्ध गराउने व्यवस्था निन्तरता दिइनेछ।

**५२.** गाउँपालिका क्षेत्रभित्र नयाँ निर्माण हुने भवनहरुको मापदण्ड बमोजिमको प्रस्तावित नक्सा निर्माण गरी गाउँपालिकामा पेश गर्ने दायित्व भवन धनीहरु स्वयंको हुने एवम् प्रस्तावित नक्सा मापदण्ड बमोजिमको भए/नभएको चेकजाँच गर्ने दायित्व गाउँपालिकाको घर/नक्सा पास शाखाको हुने र मापदण्ड बमोजिमको नक्सा भए नियमानुसार नक्सा पासको प्रक्रियाअघि बढ्ने व्यवस्था छ। गाउँपालिकामा सूचीकृत कन्सल्टेन्सीहरु मार्फत् अधिकाँश प्रस्तावित नक्सा निर्माण हुँदैं आइरहेकोमा गाउँपालिकाको घर/नक्सा पास शाखाबाटै मापदण्ड बमोजिमको प्रस्तावित नक्सा निर्माण गरी दिनका लागि भवन धनीहरुले अनुरोध गरेमा तीनपाटन गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरेको राजस्व दस्तुर लिई घर/नक्सा पास शाखाबाट समेत नक्सा निर्माण गरी दिने र त्यसरी संकलन भएको राजस्व दस्तुरको पचास प्रतिशत रकम घर/भवनको नक्सा निर्माण कार्यमा खटिने प्राविधिक जनशक्तिलाई प्रोत्साहनस्वरुप उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

**५३.** गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद लगायतका निकायको भौतिक सम्पतिको संरक्षण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

**५४.** सडकको भार वहन क्षमता विश्लेषण गरी हेभी तथा हलुका सवारीको आवागमनका लागि गाउँपालिका क्षेत्रभित्रका सडकको वर्गीकरण गरी लागू गरिनेछ।

**५५.** गाउँपालिका क्षेत्रभित्र विद्युत विस्तार गर्न बाँकी रहेका वडाभित्रका बस्तीहरुमा विद्युतको पहुँच स्थापित गर्न नेपाल विद्युत प्राधिकरण लगायत अन्य सरोकारवाला निकायहरुमा आवश्यक समन्वय र सहकार्य गर्दै लगिनेछ।

५६. सार्वजनिक स्थानमा अनाधिकृत रुपमा भवन टहरा निर्माण तथा सडकमा निर्माण सामाग्री थुपार्ने कार्य गर्ने तथा सञ्चालनमा आइरहेका सडकलाई स्थानान्तरण गर्ने कार्यलाई रोक्न स्थानीय ऐन बनाई कडाईका साथ लागु गरिनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

५७. गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट हुनसक्ने सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि प्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ।

५८. प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपका समयमा सरोकारवाला सबैको साथ/सहयोगले मात्र प्रकोप व्यवस्थापन गर्न सकिन्छ भन्ने तथ्यलाई मध्यनजर गर्दै गाउँपालिका क्षेत्रभित्रका **सबै वडाबाट आवश्यक संख्यामा युवाहरुलाई समावेश गरी प्रकोप व्यवस्थापनसँग आधारभूत तालिम प्रदान गरिनेछ** र त्यस्ता तालिम प्राप्त युवा जनशक्तिलाई प्रकोपका समयमा उद्धारका लागि विशेष परिचालन गर्ने गरी सूचीकृत गरी राख्ने व्यवस्था मिलाइनेछ।

५९. गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा भैरहेको भुक्षय रोकथाम एवम् पर्यावरण संरक्षणका लागि सम्भावित स्थलहरुमा स्थानीय गैरसरकारी संघ/संस्थाहरुसँगको साझेदारीमा बृक्षारोपण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

६०. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र सो कार्ययोजना बमोजिम वन पैदावर विक्री गरी प्राप्त हुने आम्दानीको दश प्रतिशत रकम गाउँपालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने भनी सङ्घीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख. मा भएको व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

**संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र**

६१. गाउँपालिकाको आफ्नै स्थानीय गान र स्थानीय छापको सुरुवात गरिनेछ। विकास निर्माण र सेवा प्रवाहको विषयमा पूर्व जनप्रतिनिधिहरुले आफ्नो कार्यकालमा भोगेका महत्वपूर्ण कार्य/अनुभवहरु समेटी उक्त कार्य/अनुभवलाई गाउँपालिकाको स्थायी सम्पत्तिको रुपमा संस्थागत गर्न **कृति** प्रकाशन गरिनेछ।

६२. तीनपाटन गाउँपालिकाभित्रका सम्पूर्ण कर्मचारीको आवधिक बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६३. तीनपाटन गाउँपालिका अन्तर्गतका कार्यालय तथा सामुदायिक विद्यालयमा कार्यरत ६० वर्ष उमेर पूरा भएका कर्मचारीलाई नगद सहित सम्मानजनक बिदाई गरिनेछ। उक्त नीतिलाई कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ।

६४. सहिद तथा बेपत्ता पारिएका परिवार र द्वन्दपिडित परिवारका सदस्यहरूलाई रोजगार तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

६५. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह हुने सेवा, उक्त सेवा प्राप्तिका लागि आवश्यक पर्ने कागजात, सेवा प्राप्तिको लागि लाग्ने समय र लागत, सेवा प्रवाहको जिम्मेवारी पाएका पदाधिकारी तथा कर्मचारीको विवरण जस्ता विषयमा आम तीनपाटनबासी सेवाग्राहीलाई घर/घरबाटै सुसूचित गर्ने उद्देश्यका साथ **"घर/घरमा बडापत्र"** अभियानको सुरुआत गरिनेछ। यो अभियानको कार्यान्वयनका लागि उल्लिखित सम्पूर्ण विवरणहरु गाउँपालिकाको नोटबुकमा छपाई गर्ने र, उक्त नोटबुक प्रत्येक घरधुरीमा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

६६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको न्यायिक समितिको क्षेत्राधिकारभित्रका मुद्दाहरुलाई सकभर मेलमिलापको माध्यमबाट समाधान गर्ने उद्देश्यका साथ **"मिलाप गरौं, विलाप नगरौं"** अभियान सञ्चालनमा ल्याइनेछ। वडाबाटै बिबाद समाधान गर्न कानून निर्माण गरी उक्त कार्यको थालनी गरिनेछ। यसका लागि न्यायिक समिति, प्रत्येक वडाका मेलमिलाप केन्द्रमा आवद्ध पदाधिकारी, कर्मचारी लगायत सरोकारवालाको क्षमता अभिवृद्धि हुने किसिमका क्षमतामूलक तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

६७. यस गाउँपालिका भित्रका सम्पूर्ण वडाका बाल क्लब गठन, पुनर्गठन तथा बाल क्लबका सम्पूर्ण पदाधिकारीहरूलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

६८. यस गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका घोषणा गर्न क्रमशः विकास साझेदार तथा सामाजिक संघ संस्था, अगुवा पत्रकार, बालबालिकासँग सहकार्य तथा समन्वय गर्ने नीति अबलम्बन गरिनेछ। यसका लागि तोकिएका कुनै वडाबाट कार्य प्रारम्भ गरिनेछ।

६९. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था तथा नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष्य, उद्देश्य कार्यान्वयन गर्दै मानव जीवनचक्रमा पोषण विशेष तथा संवेदनशील सेवाको उपलब्धता, गूणस्तर सुधार तथा समतामूलक पहुँच र उपयोगको सुनिश्चितता गर्न लक्षित कार्यक्रम कार्यान्वयन गरी पोषणमैत्री स्थानीय शासनको प्रवर्धन गरिनेछ।

७०. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था तथा नेपाल सरकारको बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतका निर्देशक समिति सदस्य, गाउँसभा सदस्य यवम् सरोकारवालाहरूलाई पोषणमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा आधारित भई क्षमता विकास गरिनेछ। साथै पोषणमैत्री स्थानीय शासनका कार्यान्वयन निर्देशिका अनुसार क्रियाकलाप सञ्चालन गर्न गाउँसभा सदस्य, कर्मचारी तथा अन्य सम्बद्ध निकायबाट प्रतिबद्धता जाहेर गरी सोही बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ।

७१. गाउँपालिका क्षेत्रभित्र क्रियाशील सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको वार्षिक योजना, कार्यक्रम तथा बजेट गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ। गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ साथै बजेट

तथा कार्यक्रमा समावेश नगराई कार्यक्रम सञ्चालन गराउन खोज्ने सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको कार्यक्रम सञ्चालनमा रोकसम्म लगाउन सकिने व्यवस्था अख्तियार गरिनेछ।

**७२.** गाउँपालिकाको अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवश्यक पर्ने आवधिक तथा रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना निर्माणको प्रक्रियातत्काल् अघि बढाइनेछ।

**७३.** गाउँपालिका आफूले मात्र सञ्चालन गरिरहेको वा भविष्यमा गर्नुपर्ने कुनै कार्य वा विषय छिमेकी स्थानीय तहसँगको **साझेदारी वा सम्झौता वा संयुक्त व्यवस्थापन**मा गर्दा लागत न्यूनीकरण वा स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह हुन्छ भन्ने लागेमा त्यस्तो कार्य वा विषयको पहिचान गरी उपरोक्त विधि बमोजिम गर्न आवश्यक प्रक्रियाअघि बढाइनेछ।

**७४.** समग्र गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई** जस्ता कार्यक्रम गाउँपालिका तथा वडा कार्यालय तथा अन्य सार्वजनिक निकायबाट नियमित र निरन्तर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

**७५.** आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा गाउँपालिकाबाट जारी भएका ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिलाई गाउँपालिकाको वेभसाइटमा रहेको राजपत्र महलबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

**७६.** गाउँपालिका क्षेत्रभित्रका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुमध्येबाट वर्षभरिमा उत्कृष्ट र रचनात्मक कार्यसम्पादन गर्ने **एकजना सर्वोत्कृष्ट र अन्य दुईजना उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत** गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ।

**७७.** गाउँपालिका क्षेत्रभित्र सुकुम्बासी समस्या समाधानका लागि चालिएको कदमलाई छिटोभन्दा छिटो सम्पन्न गर्नका लागि जग्गा नापजाँच कार्यमा खटिने प्राविधिक जनशक्तिलाई आधुनिक औजार/उपकरण सहित कार्यालय समय बाहेकको समय र सार्वजनिक विदाका दिनमा समेत परिचालन गरिने र यसरी परिचालित हुने जनशक्तिलाई थप प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

**७८.** गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकासमा बढीभन्दा बढी स्थानीयबासीको सहभागिता सुनिश्चित गराउँदैं विकासप्रति अपनत्वको भाव जगाउने सोचका साथ प्रत्येक वडामा समावेशिता समेतलाई प्रवर्द्धन गर्दै टोल विकास संस्था गठन तथा परिचालन गर्ने नीतिगत व्यवस्था मिलाइनेछ। यसका लागि भौगोलिक विकटता समेतलाई मध्यनजर गर्दै तोकिए बमोजिमको घर/परिवार बराबरको एउटा टोल बनाई प्रत्येक घरधुरी स्वतः टोलको साधारण सदस्य हुने व्यवस्था मिलाइनेछ। जन/लागतसहभागिता मार्फत् सञ्चालन हुने आयोजना तथा

कार्यक्रममा जन/लागत सहभागिताको अंशलाई कम्तिमा पन्ध्र प्रतिशत कायम गरी सोही बमोजिम मात्र आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

७९. **"गाउँपालिकाको सोच, नवप्रतिभाको खोज"** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहिचान स्थापित हुनसक्ने सम्भाव्य प्रतिभा गाउँपालिका क्षेत्रभित्र भएका तर यावत् कारणले त्यस्ता प्रतिभाहरु ओझेलमा परेको अवस्था भएमा त्यस्ता नवप्रतिभाहरुको खोज, अन्वेषण र प्रवर्द्धन गर्ने व्यवस्थाको थालनी गरिनेछ।

८०. गत/विगत आर्थिक वर्षहरुमा महालेखापरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नुपर्ने, असुल उपर गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने लगायतका बेरुजु फर्छ्यौट गर्ने प्रक्रियाअघि बढाइनेछ। वित्तीय सुशासनको मुख्य सूचक शुन्य बेरुजु रहेको तथ्यलाई स्वीकार गर्दै सम्वद्ध पक्षलाई सुचित गरिने र तोकिएको समयावधीमा बेरुजु फर्छ्यौट नगर्नेको विवरण सार्वजनिक गर्ने सम्मको व्यवस्था मिलाइनेछ।

८१. उल्लिखित नीति तथा कार्यक्रमदेखि बाहेक गत/विगत आर्थिक वर्षहरुमा गाउँ सभाद्वारा पारित भएका नीति तथा कार्यक्रमको समेत उपलब्ध स्रोतसाधनका आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

धन्यवाद। जय तीनपाटन।

**(कर्ण बहादुर मगर)**
**अध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुली।**
**मितिः २०८१।०३।१०**